# सामुदायिक संवेदनशीलता सेमिनारमा पोस्टरहरू प्रयोग गर्ने दिशानिर्देशहरू

ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले चारवटा पोस्टरहरु प्रयोग गरी सामुदायिक सेमिनार/ गोष्टि संचालन गर्नेछन् । सेमिनारको समयावधी ३ घन्टा भन्दा बढी हुनेछैन ।

सम्भव भएसम्म, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सेमिनारका सेसनहरुमा फ्लिपचार्ट पेपर र रंगीन मार्करहरू (रातो, हरियो, कालो वा निलो) ल्याउँनेछन् । छलफलको क्रममा पशुपालन गर्ने किसानहरूले उनीहरूको उदाहरण दिन सक्ने भएकोले ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सहभागीहरु वीचबाट चित्र बनाउन सक्ने सहभागी पहिचान गर्न सक्छन र यदि त्यस्तो व्यक्ति पहिचान भएमा त्यस व्यक्तिलाई फ्लिपचार्टमा चित्रण गर्न अनुरोध गर्न सक्छन । तत्पश्चात फ्लिपचार्टको चित्रहरुलाई पोस्टरहरूसँग तुलना गरि सेसनहरु प्रभावकारी रुपमा संचालन गर्न सक्छन ।

## सेमिनारका उदेश्यहरु

१. पशु खोप संगै स्वस्थ पशुपालनका लागी उचित व्यवस्थापन गर्ने कुराको ज्ञानमा सुधार गर्ने ।
२. पशुपालनमा महिलाको योगदानको बारे जनचेतना जगाउने।

## पोस्टर १ : पशुपालनको उचित व्यवस्थापनको अभ्यास ( ४० मिनेट )

यो पोस्टर पशुपालन गर्ने किसानहरु (पुरुष र महिला दुवै)को लागि गुणस्तरीय पशु उत्पादन सम्बन्धि ज्ञान ,उत्पादकत्वमा सुधार तथा पशुको स्वस्थ र कल्याण बारे ज्ञान तथा सीपमा सुधार गर्न विकसित गरिएको हो।

**चरणबद्ध रुपमा छलफल गर्ने प्रक्रिया:**

१. ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सहभागीहरूलाई उनीहरूको वस्तुभाउ (गाई, बाख्रा, भेडा) को हेरचाह गर्न किसानहरूको भूमिकामा रही के के गर्छन् भनि सोधेर सुरु गर्ने । (१० मिनेट)
२. ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले पोस्टरलाई विस्तारै खोल्ने र सहभागीहरूलाई पोस्टरमा देखेका कुराहरू वर्णन गर्न लगाउने । (५ मिनेट)
३. त्यसपछी क्रमबद्द रुपमा पोस्टरमा प्रस्तुत भएका विभिन्न पशुपालन सम्बन्धि अभ्यासहरूलाई आफुले वर्णन गर्ने ( (१५ मिनेट )
४. ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले प्रश्नोत्तर सेसनलाई अघि बढाउने । पोस्टरमा भएका पशुपालन सम्बन्धि व्यवस्थाका अभ्यासहरू पूर्ण नहुन सक्छन र सहभागीहरूले अन्य अभ्यासहरूबारे पनि सोध्न सक्छन्/ बुझ्नखोज्छन/ बताउन सक्छन भन्ने कुरामा पनि ख्याल राख्ने । यदि सो पाइएमा उनीहरुको अभ्यासहरूलाई पनि छलफलमा समावेश
५. त्यसपछी क्रमबद्द रुपमा पोस्टरमा प्रस्तुत भएका विभिन्न पशुपालन सम्बन्धि अभ्यासहरूलाई आफुले वर्णन गर्ने । (१० मिनेट)

## पोस्टर २ : स्वस्थ पशुको लागि सुआहारा (४० मिनेट )

यो पोस्टर पशुपालन गर्ने किसानहरू (पुरुष र महिला दुवै) लाई आफ्नो क्षेत्रमा उपलब्ध हुने पशु आहारका स्रोतहरू, तिनको प्रयोग गर्ने विधि र तिनीहरुको गुणस्तरीय उत्पादन र पशुको स्वास्थ्यको लागि पशु आहारमा दानाको समावेश गर्नुको महत्त्वबारे ज्ञान बढाउन विकास गरिएको हो।

**चरणबद्ध रुपमा छलफल गर्ने प्रक्रिया:**

१. ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सहभागीहरूलाई उनीहरूले आफ्नो वस्तुभाउ (गाईवस्तु, बाख्रा र भेडाहरू) लाई कस्तो प्रकारको दाना दिन्छन् वा कहाँ चराउँछन् भनेर सोधेर सुरु गर्ने । (१० मिनेट)
२. पोस्टरलाई विस्तारै खोल्ने र सहभागीहरूलाई पोस्टरमा देखेका कुराहरू वर्णन गर्न लगाउने । (५ मिनेट)
३. त्यसपछि विभिन्न खाद्यान्नका स्रोतहरू (घाँस र चाराहरू), पूरक पोषक तत्वहरुहरू, जस्तै अन्न,पानी वा खनिज तत्व र लवणहरू संगसंगै प्रत्येक खाद्य स्रोतले उत्पादकत्व (तौल वृद्धि, दूध उत्पादन, बल, हड्डी, वृद्धि र जनावरको स्वास्थ्यमा सुधार ) बढाउनको लागि खेल्ने भूमिका बारे छलफल गर्ने । (१५ मिनेट)
४. ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता ले प्रश्नोत्तर सेसनलाई अघि बढाउने । (१० मिनेट )

## पोस्टर ३ : स्वस्थ र बिरामी पशुको पहिचान गर्ने ( ४० मिनेट )

यो पोस्टर पशुपालक किसानहरु (पुरुष र महिला दुवै) को समयमै पशुहरूमा लागेका रोगहरूका लक्षणहरू पहिचान गर्न र उनीहरूलाई यस क्षेत्रमा भएका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता वा स्थानीय पशुचिकित्सकसँग खोज, अनुसन्धान तथा अनुभवहरु एक आपसमा साँटेर उपयुक्त समाधान पत्ता लगाउन मद्दत गर्नको लागि विकास गरिएको हो।

**चरणबद्ध रुपमा छलफल गर्ने प्रक्रिया:**

१. ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सहभागीहरूलाई स्वस्थ र बिरामी पशुहरूको लक्षण के हो भनेर सोधेर सुरु गर्ने। सो अवस्थामा प्रत्येक बस्तुभाउलाई (गाई, बाख्रा र भेडा) कसरी बेग्लाबेग्लै ह्यान्डल गर्ने भनेर सोध्ने। (१० मिनेट)
२. पोस्टरलाई विस्तारै खोल्ने र सहभागीहरूलाई पोस्टरमा देखेका कुराहरू वर्णन गर्न लगाउने। सुरुमा स्वस्थ र बिरामी जनावरहरूको सामान्य लक्षणबाट सुरु गर्ने, त्यसपछि आँखा, नाक र मुख जस्ता छोपिएका भित्रि अंगहरूमा बिरामी भएपछि आउने परिवर्तन बारे चर्चा गर्ने। (५ मिनेट)
३. त्यसपछि स्वस्थ र बिरामी पशुहरूको सामान्य लक्षणहरूबाट सुरु हुने गरि पोस्टरमा प्रस्तुत भएका चित्रहरुबारे बोल्ने र त्यसपछि प्रत्येक अंग अंगमा आउने परिवर्तन बारे विश्लेषण गर्ने। (१५ मिनेट)
४. प्रश्नोत्तर सेसनलाई अघि बढाउने। पोस्टरमा भएका विषयबस्तु पूर्ण नहुन सक्छन र सहभागीहरूले अन्य रोग तथा लक्षणबारे पनि सोध्न सक्छन्/ बुझ्नखोज्छन/ बताउन सक्छन भन्ने कुरामा पनि ख्याल राख्ने। यदि सो पाइएमा उनीहरुको चासोको विषयहरु पनि छलफलमा समावेश गर्ने। (१० मिनेट)

## पोस्टर ४ : पशुलाई काबुमा ल्याउने सुरक्षित प्रविधिहरु (४० मिनेट)

यो पोस्टर दुध दुहने बेला, जुका तथा किर्ना मार्ने बेला, स्प्रे गर्ने बेला, खुर काट्ने समयमा, खोप लगाउने आदि जस्ता गतिविधिहरू सञ्चालन गर्ने समयमा किसानहरु (पुरुष र महिला दुवै)ले पशुहरूको आवागमन रोक्नको लागि उपयोगी हुन सक्ने केही सुरक्षित र सरल तरिकाले काबुमा ल्याउने प्रविधिहरूको जानकारी गराउन विकसित गरिएको हो।

**चरणबद्ध रुपमा छलफल गर्ने प्रक्रिया:**

१. ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सहभागीहरूलाई तिनीहरुको पशुलाई कसरी पशुलाई सुरक्षित तरिकाले काबुमा ल्याउन सकिन्छ भनि सोधेर सुरु गर्ने। सो अवस्थामा प्रत्येक बस्तुभाउलाई (गाई, बाख्रा र भेडा) कसरी बेग्लाबेग्लै ह्यान्डल गर्न सकिन्छ भनेर सोध्ने। (१० मिनेट)
२. पोस्टरलाई विस्तारै खोल्ने र सहभागीहरूलाई पोस्टरको चित्रमा देखेका कुराहरू वर्णन गर्न लगाउने।( ५ मिनेट
३. त्यसपछि पोस्टरमा देखिएका सामग्री अनुसार विभिन्न पशुलाई काबुमा ल्याउने विभिन्न तरिकाबारे सचित्र प्रकाश पार्ने। (१५ मिनेट)
४. प्रश्नोत्तर सेसनलाई अघि बढाउने। पोस्टरमा भएका काबुमा ल्याउने तरिकाहरु पूर्ण नहुन सक्छन र सहभागीहरूले अन्य रोग तथा लक्षणबारे पनि सोध्न सक्छन्/ बुझ्नखोज्छन/ बताउन सक्छन भन्ने कुरामा पनि ख्याल राख्ने। यदि सो पाइएमा उनीहरुको चासोको विषयहरु पनि छलफलमा समावेश गर्ने। (१० मिनेट)

## सेमिनार कार्यक्रमको समापन (२० मिनेट)

१. ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सहभागीहरूलाई आजको सेमिनारबाट उनीहरूले कुन कुन नयाँ कुराको जानकारी लिए वा सिके र पशुहरुसंग काम गर्दा सो सिकेका कुराहरु कसरी लागू गर्न सक्छन भन्ने कुरा सोध्ने। (१५ मिनेट)
२. यस सेमिनारबाट सहभागीहरूले के के सिकेका छन् र उनीहरूले नयाँ ज्ञान कसरी लागू गर्न सक्छन भन्ने कुराहरुको उदाहरणहरू दिएर छलफल समाप्त गर्ने। (५ मिनेट)